Tribhuvan University
Office of the Controller of Examinations
Balkhu, Kathmandu

## त्रिभुवन विश्वविद्यालय

## परीक्षा नियन्त्रण कार्यालय,बल्खु

### ४ वर्षे स्नातक तह वि.ए. ,वि.वि.एस. ,वि.एड. दोस्रो वर्षको नियमित/आँशिक तथा ३ बर्षे बि.ए. आँशिक र प्राइभेट आँशिक परीक्षा दिने परीक्षार्थीहरुका लागि परीक्षा आवेदन फारम भर्नेसूचना

त्रिभुवन विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालय, बल्खुद्वारा वार्षिक परीक्षा प्रणाली अनुसार २०७९ को २०८० सालमा सचांलन हुने ४ वर्षे स्नातक तह वि.वि.एस., वि.एड., वि.एस्सी र वि.ए. दोस्रो वर्षको परीक्षा दिने नियमित,आँशिक तथा ३ वर्षे वि.ए.दोस्रो बर्षको आँशिक र प्राइभेट आँशिक परीक्षार्थीहरुले आ- आफ्नो क्याम्पसमा मिति २०८० साल जेष्ठ १० गते देखि २०८० साल असार ८ गेत सम्ममा नियमित दस्तुर र साधारण म्याद सकिएको एक हप्ता भित्र दोव्वर दस्तुर सहित परीक्षा आवेदन फारम भरि बुझाउन हुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**१) परीक्षा आवेदन फारम सम्बन्धमा :-**

क) परीक्षा आवेदन फारम स्वयं विद्यार्थीले भरि सबै प्रक्रिया पुर्‍याइ आफैले सम्वन्धित कार्यालयमा बुझाउनुपर्नेछ। यसमा अन्यथा हुन गएमा त्रि.वि.प.नि.का. जवाफदेही हुने छैन।

ख) ४ वर्षे स्नातक तह २०७१ सालमा भर्ना भइ २०७२ मा प्रथम पटक प्रथम वर्षको परीक्षा दिएकाहरुका लागि र ३ बर्षे वि.ए.का परीक्षार्थीहरुको हकमा २०७२ सालमा भर्ना भई २०७३ सालमा प्रथम पटक प्रथम बर्षको परीक्षा दिएकाहरुकोलागि यो अन्तिम पटकको परीक्षा हुनेछ।

ग) नियमित वाहेक सवै परीक्षार्थीहरुले परीक्षा आवेदन फारम माथि अघिल्लो पटकको रो.नं.अनिवार्यरुपमा उल्लेख गर्नुपर्नेछ।

घ) परीक्षा आवेदन फारम भर्नको लागि हालसालै खिचेको (साधारण पोसाकमा ) पासपोर्ट साइजको २ प्रति फोटो आवश्यक पर्नेछ।

ङ) परीक्षा संचालन अवधि सम्म प्रवेशपत्रको प्रतिलिपि लिन परेमा परीक्षा आवेदन फारममा प्रयोग भए अनुसारको फोटो नै पेश गर्नुपर्नेछ।

Tribhuvan University
Office of the Controller of Examinations
Balkhu, Kathmandu

**२) परीक्षा आवेदन फारम भर्ने म्याद र शुल्क सम्बन्धमा:-**

क) काठमाण्डौ उपत्यकाका क्याम्पसहरुले अन्तिम मितिको २ दिनभित्र परीक्षा आवेदन फारमको बैंक भौचर सहित अनिवार्यरुपमा त्रि.वि.प.नि.का.बल्खूमा बुझाउनु पर्नेछ र उपत्यका बाहिरका क्याम्पसहरुले उक्त बैंक भौचर बनाएको ४ दिनभित्र परीक्षा आवेदन फारम सहित प.नि.का.बल्खुमा र क्षे.प.नि.का.को हकमा सम्वन्धित क्षे.प.नि.का.मा बुझाई सक्नुपर्नेछ।

ख) परीक्षा फारमहरु बुझाउदा संम्वन्धित प.नि.का.मा वैंक भौचर सहित सर्वप्रथम लेखा शाखामा फारम रुजु गराएर सम्वन्धित शाखामा बुझउनु पर्नेछ।

**३) परीक्षा शुल्क सम्वन्धमा:-**

| | |
|---|---|
| क) नियमित/आँशिक परीक्षार्थीका लागि खण्ड शुल्क | रु ४७०/- |
| ख) प्राइभेट आँशिक परीक्षा आवेदन फारम शुल्क | रु ९००/- |
| ख) परीक्षा आवेदन फारम शुल्क | रु ६०/- |
| ग) परीक्षा केन्द्र शुल्क प्रति खण्ड | रु १००/- |
| घ) प्रयोगात्मक परीक्षा प्रति खण्ड विषयका लागि शुल्क | रु १५०/- |
| ङ) दुइ वा सोभन्दा बढी विषयका लागि प्रयोगात्मक परीक्षा | रु २७५/- |

**४) परीक्षा शुल्क बुझाउने सम्वन्धमा:**

क) काठ्माण्डौ उपत्यका भित्रका क्याम्पसहरुले त्रि.वि.कीर्तिपुर/बल्खु परिसर भित्र रहेका ग्लोबल आई.एम.ई. वैंक लिमिटेडको आम्दानी खाता नं. ०५०१०१००००५०० मा अथवा नेपाल वैंक लिमिटेड आम्दानी खाता नं. ०४५००१०००९९१०८००००० १ मा परीक्षा सम्वन्धी शुल्कहरु जम्मा गरी प.नि.का.को नाममा रकम वुझाएको भौचर परीक्षा आवेदन फारमका साथ अनिवार्य रुपमा वुझउनु पर्नेछ।

ख) क्षे.प.नि.का.पोखरा क्षेत्रका क्याम्पसले परीक्षा सम्वन्धी सम्पूर्ण शुल्क त्रि.वि.क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालय, पोखराको च.हि.नं. ०९१००१०११०१३४००००० १ नेपाल बैंक लिमिटेड बगर शाखा, पोखरामा रकम बुझाएको

Tribhuvan University
Office of the Controller of Examinations
Balkhu, Kathmandu

भौचर परीक्षा आवेदन फारमका साथ अनिवार्य रुपमा वुझउनु पर्नेछ।

ग) क्षे.प.नि.का.विराटनगर क्षेत्रका क्याम्पसहरुले परीक्षा सम्वन्धि सम्पूर्ण शुल्क त्रि.वि.क्षेत्रीय परीक्षा नियत्रन्ण कार्यालय, विराटनगर च.हि.नं.१०४००१००९२२१२००००० १ नेपाल बैंक लिमिटेड, बजारअड्डा शाखा , विराटनगरमा रकम बुझाएको भौचर परीक्षा आवेदन फारम साथै अनिवार्य रुपमा बुझाउनु पर्नेछ।

घ) क्षे.प.नि.का.नेपालगञ्व क्षेत्रका क्याम्पसहरुले परीक्षा सम्वन्धि सम्पूर्ण शुल्क त्रि.वि.क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालय नेपालगञ्जको च.हि.नं.२१०१०१००००००७६ ग्लोवल आइ.एम.इ.बैंक लिमिटेड, त्रिभुवन चोकमा रकम बुझाएको भौचर परीक्षा आवेदन फारम साथै अनिवार्य रुपमा बुझाउनु पर्नेछ।

ङ) क्षे.प.नि.का.अत्तरियाको हकमा काठमाण्डौ त्रि.वि.प.नि.का.बल्खु परीसरमा रहेको ग्लोवल बैंक लिमिटेडको आम्दानी खाता नं. ०५०१०१००००५०० मा अथवा नेपाल बैंक लिमिटेड आम्दनी खाता नं. ०४५००१०००९९१०८००००० १ मा परीक्षा सम्बन्धी शुल्कहरु जम्मा गरी त्रि.वि.प.नि.का.को नाममा रकम वुझाएको भौचर परीक्षा आवेदन फारम साथै अनिवार्य रुपमा वुझाउनु पर्नेछ।

परीक्षा नियन्त्रक